नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

# राहदानी नवीकरणसम्बन्धी अत्यन्त जरुरी सूचना

राहदानी विभागले राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिकालगायतको आवश्यक तयारी गरिसकेकोले अबको एक-दुई महिनाभित्रमा हालको प्रणालीबाट नयाँ प्रणालीमा रूपान्तरण हुने र उक्त अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण (System Stabilization) नभएसम्म देहायको अवस्था आउन सक्ने जानकारी प्राप्त भएको छ।

१) नेपाली राजदूतावासहरूबाट प्रदान गरिने राहदानी सेवा १ देखि ३ हप्तासम्म बन्द हुन सक्ने।

२) नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण (System Stabilization) हुन १ देखि ३ महिनासम्म लाग्ने भएकाले उक्त अन्तरिम अवधिमा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिँदा राहदानी तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्ने।

अत: उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ६ महिनासम्म (अर्थात २०८३ असोजभित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था सुरु हुनुअघि नै नियमानुसार राजदूतावासमा आई राहदानी सेवा लिनहुन अनुरोध छ। नयाँ प्रणाली सुरु हुने मिति तथा उक्त अवधिमा गरिने व्यवस्थाका सम्बन्धमा अर्को सूचनामार्फत जानकारी गराइने छ। साथै, यस सम्बन्धमा अद्यावधिक सूचनाहरू यस राजदूतावासको Website र Facebook Page, TikTok लगायतका सामाजिक सञ्जालहरूबाट क्रमशः जानकारी गराइने ब्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२।११।२५

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]